सामाजिक विकास डिभिजन कार्यालय, पाल्पाको

# प्रस्तावना माग गरिएको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०७७।०९।१९

प्रस्तुत बिषयमा सामाजिक विकास डिभिजन कार्यालय, पाल्पाबाट सञ्चालन गरिने तपशिलका क्षेत्रमा प्रदेश स्तरीय वार्षिक कार्यक्रमहरु दुई जिल्ला (पाल्पा र गुल्मी) मा कार्यरत संघ सस्थाहरु मार्फत सम्पन्न गराउने भएकोले तपशिलका योग्यता/शर्त पुगेका संघ संस्थाहरुलाई प्रस्तावित ढाँचामा प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र प्रस्ताव पेश गर्न सुचित गरिन्छ।

**प्रस्तावना पेश गरिने क्षेत्रहरु प्रस्तावना**

| प्रस्तावना नम्बर | प्रस्तावनाको माग क्षेत्र | विनियोजित रकम | कार्य क्षेत्र |
|---|---|---|---|
| १ | लैङ्गिक हिंसा/ घरेलु हिंसा प्रभावित महिलाहरुका लागि जिल्ला स्तरीय सेवा केन्द्र सञ्चालन अनुदान (प्रति जिल्ला एक संस्था) | ५/५ लाख | पाल्पा र गुल्मी |
| २ | सि.वि.आर. कार्यक्रम सञ्चालनको लागि सि. वि. आर. संस्था अनुदान कार्यक्रम (प्रति जिल्ला एक संस्था) | २/२ लाख | पाल्पा र गुल्मी |
| ३ | अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना केन्द्र सञ्चालन अनुदान | ५ लाख | गुल्मी |
| ४ | बृध्दाश्रमलाई चालु अनुदान | ४ लाख | पाल्पा र गुल्मी |
| ५ | बाल मन्दि बाल संरक्षण गृह बाल कल्याण गृहको पूर्वाधार निर्माण फर्निचर तथा मर्मत सुधार | ६ लाख | पाल्पा |
| ६ | बृध्दाश्रमलाई पुँजीगत अनुदान | २ लाख | पाल्पा र गुल्मी |

लक्ष्मण प्रसाद ज्ञवाली
कार्यालय प्रमुख

**सर्तहरुः**

१ आबेदक संस्था नियमानुसार दर्ता भई सामाजिक विकास डिभिजन कार्यालय, पाल्पामा सुचिकृत भएको प्रमाण

पेश गर्नु पर्ने छ।

२ लुम्बिनी प्रदेशको पाल्पा र गुल्मी भित्र कार्यक्षेत्र भएका संघ संस्थाहरुले सम्वन्धित जिल्लाको कार्यक्रमको मात्र प्रस्ताव पेश गर्न पाईने छ।

३ प्रस्तावना माग गरिएको विषयसंग संस्थाको विधानमा उक्त कार्य गर्ने उद्देश्य रहेको र कार्यक्षेत्र मिलेको हुनुपर्ने छ।

४ प्रस्तावना पेश गर्दा सूचना प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र (सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टसम्म) सिलबन्दी गरी रु १० को टिकट टाँसी यस कार्यालयमा पेश गर्नु पर्ने छ।

५ प्रस्तावना छनौट तथा प्रस्तावना सम्वन्धी कार्य मन्त्रालयको संघ सस्थालाई दिईने अनुदान सम्वन्धी कार्यविधि

२०७५ लाई समेत आधार लिन सकिने छ।

६ प्रस्तावना पेश गर्दा प्रस्तावना नं. भित्र तथा बाहिर खाममा समेत उल्लेख गर्नुपर्ने छ ।

७ प्रस्तावना छनौट भएका सस्थाहरुले सम्झौता वमोजिम काम गर्नु पर्नेछ।

८. म्याद नाघी आएका तथा रित नपुगेका प्रस्तावहरु मान्य हुने छैनन् ।

९ सामान्यतया एक संस्थाले एक कार्यकम एक जिल्लामा गर्न पाउने छ ।

१० माथि उल्लेख हुन छुट भएका कुनै विषयहरु वा वाझिएका कुनै कुराहरु यस सामाजिक विकास डिभिजन

कार्यालयको निर्णय अनुसार हुनेछ ।

कार्यालय प्रमुख

लक्ष्मण प्रसाद ज्ञ...

कार्यालय प्रमुख